स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यम शेर्पाको डेब्यू निर्देशनमा बन्न लागेको फिल्म 'कार्साङ'बाट छिरिङ शेर्पाले अभिनेत्रीको रुपमा डेब्यू गर्ने भएकी छन् । उनीसँग शेर्पा समुदायमा बनेका केही फिल्म तथा म्यूजिक भिडियोमा अभिनय गरेको अनुभव छ । विश्वकै सर्वाधिक उचाइँ (कालापत्थर)मा नृत्य तथा कोरियोग्राफी गरेर गिनिज बुकमा नाम समेत लेखाइसकेकी शेर्पा 'डान्सिङ स्टार नेपाल सिजन २'को विजेता पनि हुन् । यार्सा फिल्मस्को ब्यानरमा बन्न लागेको फिल्ममा यसअघि दयाहाङ राई अनुबन्ध भैसकेका छन् ।

आजको विचार...



सुन...
(दुई पेजमा)

विष्णुप्रसाद खनाल



फिल्ममा असफलतासँग जुधिरहेकी अभिनेत्री शिल्पा मास्केले नाटकमा डेब्यू गरेकी छन् । घिमिरे युवराजको निर्देशन तथा कुमार नगरकोटीको लेखन रहेको 'ट्रान्जिट' नामक नाटकमा उनी मुख्य भूमिकामा छिन् । साउन ५ गतेदेखि बत्तिसपुतलीस्थित शिल्पी थिएटरमा मञ्चन सुरु भएको नाटकको बिहीबार प्रिमियर आयोजना गरिएको थियो । जहाँ शिल्पाले अभिनयको प्रशंसा कमाइन् । अभिनेत्री मास्केको डेब्यू नाटक भएकाले पनि 'ट्रान्जिट'प्रति दर्शकमा चासो ठूलो थियो । नाटकमा तीन महिला पात्रमध्ये शिल्पा एक हुन् ।

❒ वर्ष २९ ❒ अंक ८ ❒ २०८० साउन ८ गते सोमबार 24 July 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सङ्क्षिप्त समाचार

### करेन्ट लागेर एक पुरुषको मृत्यु

**पाल्पा,** साउन ७/करेन्ट लागेर एक पुरुषको ज्यान गएको छ । जिल्लाको रैनादेवी छहरा गाउँपालिका- ३ झिरवास देउरालीका ४२ वर्षीय गोविन्द बरम्लेको करेन्ट लागेर मृत्यु भएको हो ।

आफ्नै घर नजिकको खेतमा पानी तान्ने मोटर चलाउनको लागि विद्युतको तार तान्ने क्रममा उनलाई एक्कासी करेन्ट लागेको थियो । करेन्ट लागेका उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घटना लगत्तै जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय मुझुङ्गबाट गएको प्रहरी अनुसन्धान अधिकृतसहितको टोलीले प्रारम्भिक अनुसन्धानपछि शवलाई पोष्ठमार्टका लागि पाल्पा अस्पताल पठाइएको छ । घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता भुपेन्द्र थापाले जानकारी दिए ।

### पूर्वउपप्रमुख खनालको निधन

**बुटवल,** साउन ७/बुटवल उपमहानगरपालिकाका (साविक बुटवल नगरपालिकाका) पूर्वउपप्रमुख रामप्रसाद खनालको निधन भएको छ । दम बढेपछि बुटवलस्थित तिनाउ अस्पतालमा उपचाररत खनालको आइतबार बिहान निधन भएको हो ।

खनालको असार १३ गते प्रोष्टेटको शल्यक्रिया गरिएको थियो । खनाल नेपाली काँग्रेसका नेता समेत हुन् । उनी विसं २०४६ को जनआन्दोलन पछि विसं २०४९ मा तत्कालीन बुटवल नगरपालिकाको उपप्रमुखमा निर्वाचित भएका थिए । पाल्पाको कुसुमखोलामा जन्मेका ८३ वर्षीय खनालका चार छोरा दुई छोरी र दुई श्रीमती छन् ।

## मौद्रिक नीति

# नीतिगत दरमा सामान्य लचकता, बैंकिङ कसुर ऐन संशोधन गर्ने तयारी

हाम्रा संवाददाता

**पाल्पा,** साउन ७/ नेपाल राष्ट्र बैंकले आइतबार चालु आर्थिक वर्ष २०८०/८१ का लागि मौद्रिक नीति सार्वजनिक गरेको छ । सार्वजनिक गरिएको मौद्रिक नीतिले नीतिगत दरमा सामान्य लचकता अपनाएको छ । नीतिगत दर घटाएर ६ प्रतिशत कायम गरेको छ । हाल यस्तो दर ७ प्रतिशत थियो । नीतिगत दर घटेपछि बैंकहरुले राष्ट्र बैंकमार्फत लिने अल्पकालीन सापटीमा लागत कम पर्न जानेछ । मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले सेयर धितो कर्जामा १२ करोडको सीमा हटाउने अनुमान गरिए पनि त्यस विषयमा केही उल्लेख गरिएको छैन ।

राष्ट्र बैंकले शेयर बजार र घरजग्गा कारोबार सम्बन्धि नीतिलाई भने निरन्तरता दिएको छ । अघिल्लो आर्थिक वर्षको मौद्रिक नीतिले घरजग्गा धितोमा कर्जा लिंदा फेयर बजार मूल्यको अनुपातमा काठमाडौं उपत्यकाभित्र बढीमा ३० प्रतिशत र अन्य स्थानमा बढीमा ४० प्रतिशतसम्म मात्रै लिन पाइने व्यवस्थालाई कामय राखेको छ । आर्थिक वर्ष २०७९/८० को जेठ मसान्तसम्म नेपालका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामध्ये ६८ प्रतिशत घर तथा जग्गाको धितोमा प्रवाह भएको थियो । पछिल्लो दुई वर्षदेखि शेयर बजार र घर जग्गा कारोबारसम्बन्धी कर्जामा राष्ट्र बैंकले कडाई गर्दै आएको छ । त्यो निरन्तरता यो वर्ष पनि कायम राखेर मौद्रिक नीति सार्वजनिक भएको छ । घरजग्गा व्यवसायीहरुले घर जग्गा धितोमा कर्जा सीमा ७० प्रतिशत पुर्‍याउन माग




गरिरहेका थिए । तर, राष्ट्र बैंकले पुरानै नीति अवलम्वन गरेको छ । त्यस्तै, नीतिगत व्यवस्थातर्फ चालु कर्जा मार्गदर्शन संशोधन गर्ने, शेयर, घरजग्गा तथा सवासी कर्जाको जोखिम भारसम्बन्धी व्यवस्था पुरावलोकन गर्ने, बैकिङ कसुर ऐन, २०६४ संशोधन गर्ने, आन्तरिक कर्जा जोखिम वर्गीकरण गर्नेसम्बन्धी मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने लगायतका व्यवस्था मौद्रिक नीतिमा राखिएका छन् । चालु आर्थिक वर्षको मौद्रिक नीतिले मूल्यवृद्धि नियन्त्रण र बाह्य क्षेत्र स्थायित्व कायम राख्दै अर्थतन्त्रलाई चलायमान बनाउने लक्ष्य राखेको राष्ट्र बैंकले जनाएको छ । त्यस्तै, वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई आन्तरिक उत्पादन क्षमता अभिवृद्धि गर्ने विषय मौद्रिक नीतिको प्राथमिकता रहेको जनाइएका छ । ठूला कर्जाहरुको अनुगमन, नियमन तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउने, कर्जाको अधिकेन्द्रीकरण कम गर्दै लैजाने, साना तथा मझौला उत्पादनशील कर्जालाई प्राथमिकता दिने र कर्जाको गुणस्तर तथा पहुँच अभिवृद्धि गरी वित्तीय स्थायित्व प्रवर्द्धन गर्नेतर्फ मौद्रिक नीति केन्द्रित रहेको राष्ट्र बैंकले जनाएको छ । आन्तरिक तथा बाह्य आर्थिक परिदृश्यलाई दृष्टिगत गरी नीतिगत दरलाई ५० आधार बिन्दुले घटाई ६.५ प्रतिशत कायम गरिएको छ । बैंकदरलाई ७.५ प्रतिशतमा यथावत राखी निक्षेप संकलन बोलकबोल दरलाई ५.५ प्रतिशतबाट घटाएर ४.५ प्रतिशत कायम गरिएको छ ।

ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन ब्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप संकलन सुविधा उपलव्ध गराउने व्यवस्था गरिने छ । पहिलो आवासीय घर कर्जाको सीमा १ करोड ५० लाखलाई वृद्धि गरी २ करोड रुपैयाँ पुर्‍याइने जनाइएको छ । आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकारको बजेटमा उल्लेख भएबमोजिम बैंक तथा वित्तीय संस्थाबाट निश्चित सीमाभन्दा बढी कर्जा/सुविधा उपयोग गर्ने ऋणीहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिनु पर्ने व्यवस्था पुनरावलोकन गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ । यस्तै राष्ट्र बैंकले मौद्रिक नीतिमा बैंकिङ कसुर ऐन संशोधन गर्ने तयारी गरेको छ । बैंक तथा वित्तीय संस्थाका गतिविधि र काम कारबाहीलाई लिएर एकाध व्यक्तिले गैर व्यावसायिक गतिविधि गरिरहेको पाइएकाले त्यसलाई नियन्त्रण गर्ने गरी केन्द्रीय बैंकले ऐनमा नै संशोधन गर्न लागेको उल्लेख गरेको छ । बैंकिङ कसुर ऐन, २०६४ लाई समसामयिक संशोधन गर्ने व्यवस्था गरिएको छ । पछिल्ला दिनमा केही व्यक्तिले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर नतिर्ने, बैंक तथा वित्तीय संस्था कर्मचारीमाथि आक्रमण गर्ने गरेपछि केन्द्रीय बैंकले उक्त ऐनमा संशोधन गर्न खोजेको हो । 'वित्तीय क्षेत्रको स्थायित्वलाई असर पुर्‍याउने गैर-व्यावसायिक तथा उच्छङ्ल गतिविधिलाईसमेत नियन्त्रण गर्न सहयोग पुग्ने गरी विद्यमान बैंकिङ कसुर ऐन, २०६४ मा समसामयिक संशोधन प्रक्रिया अगाडि बढाइने छ' मौद्रिक नीतिमा उल्लेख छ ।

# छुट्टाछुट्टै स्थानमा डुबेर छ जनाको मृत्यु

**पाल्पा,** साउन ७/देशका विभिन्न स्थानमा डुवेर ६ जनाको मृत्यु भएको छ । रुपन्देही, कैलाली, बर्दिया, कास्की, दाङ लगायतका स्थानमा डुबेर ६ जनाको मृत्यु भएको हो ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रुपन्देहीको सियारी गाउँपालिका-१ सोनारेटस्थित तिनाउ खोलामा पौडी खेल्ने क्रममा डुबेर एक बालकको ज्यान गएको छ । तिलोत्तमा नगरपालिका-१५ मधवलियाका भिम नारायण थारुको छोरा ११ वर्षीय अमन थारुको खोलामा डुबेर ज्यान गएको हो । यस्तै रुपन्देहीकै बुटवल उपमहानगरपालिका-१ गणेश मन्दीरस्थित तिनाउ खोलामा नुहाउने क्रममा डुबेर एक जनाको ज्यान गएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सोही ठाउँमा डेरा गरी बस्ने रुकुम (पुर्वी) भूमी गाउँपालिका काँडागाउँका ३९ वर्षिय जगेन्द्र बुढामगर नुहाउने क्रममा खोलामा डुबेका



थिए । डुबेका उनको घटनास्थलमै मृत्यु भएको जनाइएको छ । उता कैलालीको बर्दगोरिया गाउँपालिका-३ बुटकुवामा पनि नदीमा नुहाउने क्रममा डुबेर एक जनाको ज्यान गएको छ । सोही ठाउँका ८ वर्षीया यमुना सापकोटाको घर नजिकैको काडा नदीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको हो । यस्तै बर्दियाको बढैयाताल गाउँपालिका-६ मा पनि नाला तर्ने क्रममा एक व्यक्तिको ज्यान गएको छ । प्रहरीका अनुसार सोही ठाउँका ६० वर्षीय बिरे कठायतको घर नजिकै रहेको नाला तर्ने क्रममा पानी डुबेर मृत्यु भएको हो । कास्कीको पोखरा महानगरपालिका-१७ पावरहाउस नजिक फुस्रेखोलामा पौडी खेल्ने क्रममा डुबेर एक जनाको ज्यान गएको छ । पोखरा महानगरपालिका-८ का १६ वर्षीय बिवेक कुँवरको डुबेर ज्यान गएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

यस्तै दाङको तुलसीपुर उपमहानगरपालिका-७ ज्ञानज्योती टोलमा डेरा गरी बस्ने रुकुम आठबिसकोट नगरपालिका-५ घर भएका दल बहादुर बुढाको छोरा ६ वर्षिय निर्माण बुढाको बाँधमा डुबेर ज्यान गएको छ । उनको सोही ठाउँस्थित ग्वारखोलामा सिचाईको बाँधमा डुबेर मृत्यु भएको हो । खोलामा नुहाउने क्रममा डुबेर अशक्त भएका उनको राप्ती प्रादेशिक अस्पताल तुलसीपुर दाङमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै डुबेर अशक्त भएका मृतकका आफ्नै दाइ १२ वर्षीय बिश्वास बुढाको सोही अस्पतालमा उपचार भइरहेको छ । ६ वटै घटनाका विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## कर्मचारी आवश्यकता

यस श्री लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. तानसेनको लागि निम्न पदमा कर्मचारीको आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक उम्मेद्वारले नेपाली नागरिकता, शैक्षिक योग्यता, तालिम अनुभवको प्रमाणपत्रका प्रतिलिपी र २ (दुई) प्रति फोटो सहित मिति २०८० श्रावण १५ गते ४ बजे भित्र कार्यालयमा आवेदन दिन आह्वान गरिएको छ ।

**१. पद :** सहायक व्यवस्थापक

**संख्या :** १ (एक)

**शैक्षिक योग्यता :** स्नातक वा सो सरह ।

**तालिम तथा अनुभव :** सफ्टवेयर कम्प्यूटर तालिम प्राप्त, बचत तथा ऋण सहकारी संस्थामा काम गरेको अनुभवीलाई विशेष ग्राह्यता ।

**पारिश्रमिक :** यस संस्थाको नियमानुसार ।

**निवेदन दस्तुर :** रु.२००/-

**प्रयोगात्मक तथा अन्तरवार्ता :** १७ गते बुधबार दिउँसो १ बजे । विदा परेमा कार्यालय खुलेको दिन ।

**श्री लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन-४, मखनटोल, पाल्पा (दरबार गेट अगाडि)
सम्पर्क नम्बर : ०७५-५२१६५९

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## कृषिजन्य वस्तुको आयात घटाऊ, निर्यात बढाऊ

**नेपाल कृषि प्रधान देश हो, तर अधिकांस कृषिजन्य वस्तु बाहिरबाट आयात हुने गरेको छ । देशका करीब दुई तिहाइ परिवार कृषिमा आधारित भएपनि कृषिजन्य वस्तुको आयात बढ्नु चिन्ताको विषय हो । मुलुकको समग्र निर्यातलाई दिगो बनाउने हो भने पनि कृषिजन्य वस्तुको निकासी बढाउनैपर्छ । हाम्रोमा औद्योगीकरण गरेर वस्तु निर्यात गर्ने सम्भावना निकै कम छ । नेपालमा दुई खर्बभन्दा बढीको आयात हुनु विडम्बनाको विषय हो । उद्योगका लागि आवश्यक पर्ने कृषि कच्चा पदार्थका लागि पनि विदेशकै भर पर्नु परेको छ । नेपालमै सजिलै उत्पादन गर्न सकिने अन्य वस्तु उत्पादनभन्दा आयातमै अर्थतन्त्र निर्भार हुँदा व्यापार असन्तुलन बढिरहेको छ । कृषिमा ६७ प्रतिशत जनता आश्रित भए पनि कृषि आधुनिकीकरण र व्यावसायीकरण हुन नसक्दा उल्लेख्य मात्रामा कृषिजन्य वस्तु आयात भइरहेको हो । अब यो क्रम रोक्न सरकारले नीति बनाउने मात्रै होइन, कार्यान्वयन गर्न चासो दिनुपर्छ । यसअघि प्रतिबद्धता जनाएका लगानीकर्ता अहिले पनि आउन सकेका छैनन् भने नयाँ लगानीकर्ता पनि प्रतिबद्धता जनाउन आइपुगेका छैनन् । यो दुखको कुरा हो । सरकारले हराएका र नयाँ लगानी भित्र्याउन मात्रै होइन, टिकाउने कुरामा पनि ध्यान दिनुपर्छ ।**

**नेपालले धेरै कृषिजन्य वस्तु आयात गर्छ भने कम मात्रमा निर्यात गर्दै आएको छ । यस्तै अवस्था रहने हो भने देशको अर्थतन्त्र निकै कमजोर बन्ने निश्चित छ । कृषि उपजको निर्यात बढ्नु भनेको सिधैं गरिब किसानका हातमा थप पैसा पुग्नु हो । एउटा व्यवसायीले उत्पादन गरेको वस्तु तथा सेवा निर्यात हुँदा अप्रत्यक्ष फाइदा धेरैलाई पुग्ला, तर सबैभन्दा बढी नाफा व्यवसायी र सरकारलाई हुन्छ । किसानका उत्पादन बेचिनु गरिब किसानको आयस्रोत बढ्नु हो । जनताको आयस्रोत बढ्नु भनेकै देशको अर्थतन्त्र बलियो हुनु हो । यसर्थ बढी भन्दा बढी कृषि जन्यवस्तुको आयात घटाई निर्यात बढाउने कुरामा सरकार र सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।**

### Opinion @ Social Network

जिन्दगीमा सफलता मिल्ला या नमिल्ला त्यो पनि आफ्नै ठाउँमा छ तर दुस्मनको अगाडि हाँसो लुकाउन र आफ्नाको अगाडि आँसु देखाउन कहिल्यै नपरोस् भगवान ।
*(रमेश नेपालीको फेसबुक स्टाटस https://www.facebook.com/**Rayambo.ramesh**)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुन तस्करीभित्रको राजनीति



**विष्णुप्रसाद खनाल**

***नेपालमा सुन तस्करी पनि पटक-पटक हुँदै आएको छ । यसअघि कहिले ३३ किलो र कहिले ६३ किलो सुन प्रकरण देखा परेको थियो । पछिल्लो समयमा सुन तस्करीमा राजनीतिक जलप लाग्ने गरेको छ जसले नेपालमा दैनिकजसो निरन्तरता पाएको तथ्य हामीसामु स्पष्ट छ । नेपालमा विगतदेखि नै त्रिभुवन विमानस्थलमा सेटिङ मिलाएर तेस्रो मुलुकबाट अवैध रूपमा ल्याइने सुन भारतमा जाने गरेको छ । नेपालमा पहिलोपटक २०४२ सालमा तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य चन्द्रबहादुर बुढा र २०४३ मा राष्ट्रिय पञ्चायत सदस्य नरबहादुर गुरुङले हङकङबाट अवैध रूपमा सुन ल्याएका थिए । अवैध रूपमा सुन ल्याउँदाल्याउँदै उनीहरू समातिएका थिए । त्यसपछि नेपालमा सुनको तस्करी बढ्दै जान थाल्यो । ठूला-ठूला प्रकरणहरूमा राजनीतिक दलहरूकै माथिल्लो तहमा रहेका नेताहरूकै नाम जोडिँदै गर्दा आजभोलि विभिन्न प्रकरण तथा तस्करीहरूमा राजनीतिक जलहरी लगाउने कार्य भएको छ भन्न सकिन्छ ।***

नेपालका राजनीतिक दलहरूले एकले अर्कोलाई आरोप-प्रत्यारोप गर्ने चलन कुनै नौलो होइन र यसले पछिल्लो समयमा समेत निरन्तरता पाएको छ । नेपालका ठूला-ठूला तस्करहरू कुनै न कुनै राजनीतिक दलसँग आबद्ध छन् । आफ्नो दलका कार्यकर्ता र सहयोगी दाताहरू पक्राउ पर्न थालेपछि अत्तालिनु स्वाभाविक नै हो पछिल्लो समयमा १ सय किलो सुन त्रिभुवन विमानस्थलबाट जफत गरिएको छ भने सो तस्करी काण्डमा एक दर्जनभन्दा बढी पक्राउ परेका छन् । यसै सन्दर्भमा एमाले नेता विष्णु रिजालले सामाजिक सञ्जालमा स्ट्याटस राख्दै त्रिभुवन विमानस्थल सम्पूर्ण रूपमा सत्ताधारी दलको कब्जामा रहेको भन्ने आशय व्यक्त गरेका छन् । विमानस्थल भन्सार कार्यालय प्रमुख अरुण पोखेललाई तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले सेट गरेको, डिआइजी अर्जुन चन्द ठकुरीलाई गृहमन्त्री नारायणकाजी श्रेष्ठले पठाएको, अधिकृत झकनाथ ढकाल र रामबन्धु सुवेदीलाई माओवादी नेतृत्वले त्यहाँ पठाएको भन्ने तर्कसमेत गरेका छन् । उनले विमानस्थल प्रमुखलाई पर्यटनमन्त्रीले पठाएको समेत भन्न भ्याएका छन् । यी कुराहरू कति सत्य छन् वा छैनन् त्यसको अनुसन्धान त हुँदै गर्ला तर विमानस्थलबाट १ सय किलो सुन बरामद हुनु देशकै प्रतिष्ठामा आँच आउने कुरा हो । मानव तस्करीको कथा सेलाउन नपाउँदै देशमा ललिता निवास जग्गा प्रकरण आयो । त्यो सेलाउन नपाउँदै सुन तस्करी प्रकरण देखा परेको छ । यस सन्दर्भमा नेकपा एमाले निकट संगठनहरूले विरोध प्रदर्शन समेत गरेका छन् । नेपालमा सुन तस्करी पनि पटक-पटक हुँदै आएको छ । यसअघि कहिले ३३ किलो र कहिले ६३ किलो सुन प्रकरण देखा परेको थियो । पछिल्लो समयमा सुन तस्करीमा राजनीतिक जलप लाग्ने गरेको छ जसले नेपालमा दैनिकजसो निरन्तरता पाएको तथ्य हामीसामु स्पष्ट छ । नेपालमा विगतदेखि नै त्रिभुवन विमानस्थलमा सेटिङ मिलाएर तेस्रो मुलुकबाट अवैध रूपमा ल्याइने सुन भारतमा जाने गरेको छ ।

नेपालमा पहिलोपटक २०४२ सालमा तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य चन्द्रबहादुर बुढा र २०४३ मा राष्ट्रिय पञ्चायत सदस्य नरबहादुर गुरुङले हङकङबाट अवैध रूपमा सुन ल्याएका थिए । अवैध रूपमा सुन ल्याउँदाल्याउँदै उनीहरू समातिएका थिए । त्यसपछि नेपालमा सुनको तस्करी बढ्दै जान थाल्यो । ठूला-ठूला प्रकरणहरूमा राजनीतिक दलहरूकै माथिल्लो तहमा रहेका नेताहरूकै नाम जोडिँदै गर्दा आजभोलि विभिन्न प्रकरण तथा तस्करीहरूमा राजनीतिक जलहरी लगाउने कार्य भएको छ भन्न सकिन्छ । कतिपय सन्दर्भमा अवैध सुन सुरक्षा जाँचबाट उम्काउन भन्सार कर्मचारी र प्रहरीको मिलेमतो हुने तथ्य बाहिर आउन थालेको छ । यस्तो अवस्थामा माथिल्लो तहको संरक्षण नभई उनीहरूले सुरक्षा जाँचपास गराउने हिम्मत गर्दैनन् । तस्करी गर्दा खासगरी सामानको एक्सरे गर्ने कर्मचारीको मिलेमतोमै गर्ने गरिन्छ । जहाँ प्रहरीले नदेखे जस्तो गरेर सामान बाहिर जान दिन्छ । सुन राखिएको लगेज एक्सेरमा छिराइन्छ तर देखे पनि नदेखे जस्तो गरिन्छ । आपसमा भागबण्डा नमिलेपछि सुन तस्करीको कुरा बाहिर आउँछ जुन नेपालको नियति नै बनेको छ । ऐतिहासिक अभिलेखअनुसार नेपालमा सुन तस्करी पञ्चायतकालमा जब राजा महेन्द्रले मनाङका बासिन्दालाई सामान ल्याउन छुट दिए तब नेपालमा सुन तस्कारीले प्रवेश पायो जसले अहिले तीव्रताका साथ गति लिएको छ । अधिकांश सुन तस्करी चीन, कतार, मलेसिया, थाइल्याण्ड, दुबई र हङकङबाट हुने र त्यो सुन नेपालमा थोरै मात्र खपत हुने भए पनि धेरै मात्रामा भारतमा पुग्ने गर्दछ । सन् १९७० को दशकदेखि नेपालमा सुनको अवैध कारोबार हुन थाल्यो र सन् १९८० को दशकमा गति लिन थाल्यो । तत्पश्चात अहिले यो उच्च गतिमा पुगेको छ । जब सरकारी कर्मचारी, उच्च ओहोदाका व्यक्तिहरू र तस्करहरूको बीचमा मिलेमतो हुने गर्दछ तबमात्र सुन तस्करी हुने गर्दछ । यसमा राजनीतिक समूह पनि पछिल्लो समयमा सक्रिय हुन थालेको छ, जुन देशका लागि विडम्बनाको विषय हो ।

देशमा हुने राजनीतिक अस्थिरताका कारण देशमा सुन तथा लागूऔषधको तस्करीले प्रश्रय पाउने गर्दछ, जसलाई राजनीतिक संरक्षण रहिरहन्छ । नेपालमा कानुन छ तर कार्यान्वयन पक्ष कमजोर छ । जब देशमा कानुन निर्माताहरूले नै देशको कानुनको खिल्ली उडाउँछन् तब देशमा कानुन हुनु र नहुनुमा कुनै अन्तर छैन । नेतृत्वलाई अर्बौं असुल गर्ने महत्वाकांक्षा बढ्दै गयो । आयोजना तथा योजनाहरूमा भ्रष्टाचार बढ्न थाल्यो । आफू अनुकूल हुने गरी देशका ऐन कानुनहरूको संशोधन हुन थाल्यो । टोल, विकास संस्था, वडा कार्यालय, नगरपालिकालगायतका निकायहरूमा समेत राजनीतिको चरम रूप देखा पर्न थाल्यो । गिटी बालुवाको तथा काठ एवं जटीबुटीको अवैध तस्करी त भएकै थियो तर पछिल्लो समयमा नेपाल सुन तस्करीको ट्रान्जिट पोइन्ट बन्न थालयो । छानबिन गर्ने तहका मानिसहरू नै जब अनुसन्धानको घेरामा तानिन थाल्छन् तब त्यो देशमा अनुशासन र सुशासनको कुरा त केवल सपनामात्र हो । जब राजनीतिक दलका नेताहरू, कर्मचारीतन्त्र तथा प्रशासनमा समेत आर्थिक लालचा बढ्न थाल्छ तब उनीहरूले विभिन्न तस्करहरूलाई आफ्नो हातमा लिन थाल्छन् । जब तस्करहरूलाई राजनीतिक संरक्षण हुन्छ तब उनीहरूले खुला रूपमा तस्करीको धन्दा अगाडि बढाउन थाल्छन् । न त उनीहरूमाथि प्रशासनको निगरानी हुन्छ न त उनीहरूमा राज्यको सुरक्षा निकाय तथा अनुसन्धान आयोगकै निगरानी हुन्छ । जब राजनीतिक संरक्षण हाबी हुँदै जान्छ तब त्यो देशमा आपराधिक क्रियाकलापले स्थान पाउन थाल्छ । हरेक राजनीतिक दलले राम्रा मान्छेलाई मात्र हाम्रा मान्छे बनाउने हो भने देशमा केही हदसम्म भए पनि सुशासन देखिने थियो तर त्यसो हुन सकेको छैन । राजनीतिक दलहरूले गुण्डा, अपराधी र तस्करहरूलाई राजनीतिक संरक्षण नदिँदासम्म उनीहरूले आपराधिक क्रियाकलाप सञ्चालन गर्ने हिम्मत गर्दैनन् । त्यसले देशमा सुन तस्करीको नाममा राजनीति गरिँदैन । विभिन्न प्रकरणहरू देखा पर्दछन्, अनुसन्धान तथा छानबिन समिति गठन हुन्छ, प्रतिवेदन पनि तयार हुन्छ तर कार्यान्वयन हुन सक्दैन र प्रतिवेदन दराजमै थन्किन्छ किनकि त्यहाँ राजनीतिक संरक्षण हुन्छ । हुन त नेपालका हरेक क्षेत्रमा बेइमानी हावी हुन थालेको छ । सुन तस्करीमा पनि राजनीतिक बेइमानी देखिएको छ । अपराध अपराध नै हो । राजनीतिक ढाकछोप अन्त्य हुनुपदर्छ । हरेक कुरामा राजनीतिक संरक्षण बढ्दै जाने हो भने त्यसले देशमा कुनै दिन भयावह स्थिति सिर्जना हुन सक्छ । देश आफैंमा कमजोर हुन जान्छ । राजनीतिक संरक्षणले केही समय राजनीतिक दललाई फाइदा पुग्न सक्ला तर कालान्तरमा त्यसले राजनीतिक दलहरूलाई नै ध्वस्त बनाउँछ । देश कुनै एउटा राजनीतिक दलको पेवा होइन । यो त जनताको साझा सम्पत्ति हो जुन पुस्तौं पुस्तासम्म रहन्छ । आज अपराधीलाई ढाकछोप गर्ने राजनीतिक दलहरू र त्यसको नेतृत्व भोलि नरहन पनि सक्छ तर देश रहन्छ । व्यवस्था फेरिन सक्छ, अवस्था फेरिन सक्छ । आजको जनमत भोलि गुम्न पनि सक्छ । त्यसैले आपराधिक क्रियाकलाप र तस्करीमा राजनीतिक संरक्षण अन्त्य हुनुपर्छ ।

देशका प्रधानमन्त्री, राष्ट्रपति वा मन्त्री नै किन नहोऊन्, चाहे त्यो जुन पक्षका दलको नेता नै किन नहोस्, अपराध गर्ने छुट कसैलाई पनि छैन । नेपालको राजनीतिमा देखाउने दाँत र चपाउने दाँत फरक छन् । तस्करी जहिले पनि तस्करी नै हो चाहे त्यो तस्करी नेताले नै गरून् वा तस्करले नै त्यसले देशलाई कुनै पनि हालतमा फाइदा गर्दैन । सुन, लागूऔषध र हतियार तस्करीको ट्रान्जिट पोइन्ट नेपाल बन्दै गर्दा त्यसबाट राजनीतिक दलहरू र प्रशासन सचेत हुनु जरुरी छ । राजनीति भनेको सिस्टममा प्रतिस्पर्धा गर्ने पद्धति हो, जनतालाई गरिने सेवा प्रवाहमा गरिने पद्धतिको चुस्तता र दुरुस्ततामा गरिने प्रतिस्पर्धा हो । शान्ति र अमनचैनका लागि गरिने प्रतिस्पर्धा हो । देश विकासका लागि गरिने प्रतिस्पर्धा हो, सुशासन र पारदर्शिताका लागि गरिने प्रतिस्पर्धा हो भन्ने कुराको हेक्का राजनीतिक दलहरूले राख्नुपर्दछ । देश सम्पन्न र सुशासनयुक्त भयो भने मात्रै देशमा राजनीतिक विकास हुने हो । राजनीतिक दलहरू तस्करहरूको समूह बन्नुहुँदैन । पार्टी कार्यालयहरू तस्करहरूको अखडा बन्नुहुँदैन । तस्करहरूको समूहलाई राजनीतिक दल बनाउन थालियो भने त्यसले राजनीतिक दलको अस्तित्व नै समाप्त हुन सक्ने भएकाले सुन तस्करीमा राजनीति अन्त्य गरिनुपर्दछ ता कि देशमा अपराध र राजनीति फरक पाटा हुन् भन्ने कुरा जनताले बुझ्न सकून् । देशमा तस्करराज र गुण्डाराज अन्त्य नभएसम्म देशको विकास हुन सक्दैन भन्ने कुरामा सबैको ध्यान जानु जरुरी छ र त्यसको नियन्त्रण गर्न नेपाल प्रहरीले कठोर कदम चाल्नु जरुरी छ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :काममा राम्रो सुरुवात हुनेछ। अन्त्यमा सोचेजस्तो नतिजा नआउन सक्छ । | **तुला** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । |
| **बृष** : सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ । | **बृश्चिक** : मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । |
| **मिथुन** : खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । | **धनु** : व्यापार लगायत आर्थिक लाभ हुने काममा जुट्ने समय छ । |
| **कर्कट** :दैनिक आवश्यकता पूरा हुनेछन्। भने मिहिनेतको फल प्राप्त हुनेछ । | **मकर** :शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलतालेराम्रै उपलब्धि दिलाउनेछ। |
| **सिंह** :अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौकाछ। | **कुम्भ** :बाहिरी काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुपर्ला । |
| **कन्या** : चुनौतीहरू स्वत: हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। | **मीन** :विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति सोचेजस्तो सहज नरहला । |




# कृषि शिक्षामा विद्यार्थीको आकर्षण घट्दो

नेपालमा कृषि शिक्षामा विद्यार्थीको आकर्षण घट्दै गएको छ । सरकारले प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच बढाउन पहल गर्दै आए पनि विद्यार्थीको आकर्षण भने घट्दै गएको हो । कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत रहेका आङ्गिक क्याम्पसहरूमा छुट्याइएको 'सिट'मा समेत विद्यार्थीको संख्या पुग्न सकेको छैन । कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति डा पुण्य रेग्मी विद्यार्थीलाई देशमै भविष्य देखाउन नसके विदेसिनेको संख्या बढेर जाने बताए । उनले कृषि क्षेत्रमा विद्यार्थीको आकर्षण कम भएको बारे गम्भीर बनेको जनाउँदै नीतिगत तहमा छलफल भइरहेको बताए । उनले भने, "विश्वविद्यालय सुधार गरेर विद्यार्थी र अभिभावकलाई आकर्षण गराउने खालको बनाउनुपर्छ, बन्द हड्ताल र समयमै पढाइ नसकिने परिपाटीको अन्त्य हुनुपर्छ ।"

विश्वविद्यालय परीक्षा नियन्त्रक कार्यालयका सहनियन्त्रक डा ईश्वरी लौडारीका अनुसार क्याम्पसमा आवश्यक सिटभन्दा पाँच सय ८४ विद्यार्थी कमी रहेका छन् । "विगतमा प्रवेश परीक्षा दिने विद्यार्थीको चाप थाम्न मुस्किल हुन्थ्यो । कुनै वर्ष पाँच हजारसम्मले प्रवेश परीक्षा दिएको तथ्याङ्क छ", उनले भने, "अहिले विद्यार्थी नभएर कोटासमेत पूरा भएको छैन ।" नेपालमा 'बिएससी एजी' पढाइ हुने क्याम्पस १६ छन् । त्यसमा नौ सरकारी र सातवटा निजी क्याम्पस छन् । त्यसमध्ये सबै क्याम्पसमा कोटा खाली छ । सातै निजी क्यामपसमा विद्यार्थीको संख्या शून्य छ । सरकारी क्याम्पसमा पनि विद्यार्थीको संख्या न्यून रहेको उनले बताए । कृषि विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका १६ क्याम्पसमा नौ सय ३४ विद्यार्थीको कोटा छ । त्यसमध्ये सरकारी क्याम्पसमा पाँच सय ५४ र निजी क्याम्पसमा तीन सय ५० रहेको छ । तर हाल तीन सय ५० विद्यार्थीले मात्र अध्ययन गरिरहेका छन् । हाल पढिरहेका विद्यार्थी पनि सरकारी क्याम्पसकै हुन् । अझै सरकारी क्याम्पसमा पनि दुई सय ३४ विद्यार्थीको कोटा खाली रहेको उनले बताए । नवलपरासीको गैंडाकोटस्थित हिमछाया क्याम्पसमा स्नातक तहको कृषि र वन विषयको पठनपाठन हुन्छ । आठ वर्षअघि स्थापित यो क्याम्पसमा यस वर्ष कृषिमा विद्यार्थी नै भर्ना भएनन् । वन विषय अध्ययन गराउने ५० जनाको कोटा रहेकामा चार जनामात्रै भर्ना भए । अघिल्लो वर्ष भने २५ विद्यार्थी भर्ना भएका थिए । कलेजका निर्देशक छविलाल कँडेल विश्वविद्यालयले लिएको प्रवेश परीक्षामा ५० प्रतिशत पनि विद्यार्थी उत्तीर्ण नभएका कारण विद्यार्थी भर्ना हुन नसकेको बताउँछन् । कठिन प्रश्नावली, कृषि प्राविधिकको क्षेत्रमा सरकारले लामो समयसम्म विज्ञापन नखुलाउनु र कक्षा १२ पास भएपछि विद्यार्थीलाई विदेश पठाउने गरेका कारण नेपालको शिक्षा प्रणाली धरासायी बन्दै गएको उनको भनाइ छ ।

चौवन्न जनाको कोटा रहेको दैलेखको दुल्लुमा स्नातक तहको पहिलो वर्षमा कृषि पढ्ने विद्यार्थीको संख्या शून्य छ । यो क्याम्पस सरकारी हो । कृषि वन विज्ञान विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा समेत आवश्यक सिट संख्या पुग्न सकेको छैन । एक सय ७६ सिट संख्या रहेको क्याम्पसमा एक सय २७ जनाले मात्र पढिरहेका छन् । कास्कीको पुरन्चौरमा रहेको कृषि क्याम्पसमा कृषि पढ्ने विद्यार्थीको सिट संख्या ५४ थियो । त्यहाँ ४८ जनाले मात्र पढेका छन् । चौवन्न सिट संख्या रहेको महोत्तरीको बर्दिबासमा २२ जनामात्र विद्यार्थी छन् । चौवन्न सिट संख्या रहेका धनकुटा र कैलालीमा क्रमश: ३२ र ३१ विद्यार्थीले पढिरहेका छन् । उनान्चास सिट संख्या रहेको खजुरामा २९ र रोल्पामा २१ विद्यार्थी भर्ना भएका छन् । भर्ना भएकामध्ये पनि बीचमै छाड्ने विद्यार्थीको संख्या बढी नै रहेको छ । वीरेन्द्रनगर, ललितपुर, नवलपरासी, झापा, सुनसरी, बाँके र नवलपुरमा रहेका सातवटा क्याम्पसले कृषि पढाउनका लागि सम्बन्धन प्राप्त गरेका छन् । यी क्याम्पसको सिट संख्या तीन सय ५० थियो । तर अहिले विद्यार्थीको संख्या शून्य रहेको छ । भर्ना भएकामध्ये पनि करिब २० प्रतिशतले बीचमै छाड्ने गरेको विश्वविद्यालयले जनाएको छ । कृषि तथा वन विज्ञान विश्वविद्यालयमा हुने राजनीतिक बेथिति, विदेश मोहलगायतका कारणले पनि विद्यार्थीको संख्या घट्दै गएको कृषि विज्ञहरूले बताएका छन् ।

नेपालमा अझै अध्ययन सँगसँगै रोजगारी गर्ने अवसर कम छ । त्यही कारण धेरै विद्यार्थी अध्ययन गर्न विदेश जाने गरेको विश्वविद्यालयका निर्देशक डा ऋषिराम कट्टेल बताउँछन् । उनले विद्यार्थी भर्ना गर्न र टिकाउनका लागि पढ्दै कमाउँदै गर्ने वातावरण बनाउनुपर्ने बताए । विश्वविद्यालयका कृषि संकायका डिन प्रा डा अर्जुन श्रेष्ठ देशैभरि स्नातक पढ्ने विद्यार्थीको चाप घट्दै गएको बताउँछन् । "देशमा कक्षा १२ पढेपछि बाहिर जान थाले । सबै विश्वविद्यालयमा स्नातक तह पढ्ने विद्यार्थीको संख्या घट्दो छ", उनले भने, "त्रिविले अधिकांश क्याम्पस समायोजन गर्दैछ ।" यद्यपि कृषिमा विद्यार्थीको आकर्षण बढाउने खालका सुधारका योजना विश्वविद्यालयले बनाइरहेको उनले बताए । *-रासस*

# एसईईको हाउगुजीबारे केही भ्रम र यथार्थ

**डा. कृष्णप्रसाद पौडेल**

२४ असार २०८० का दिन राष्ट्रिय परीक्षा बोर्डले जारी गरेको पत्रले यो पंक्तिकारको ध्यानाकर्षण गऱ्यो । राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक तहका प्रधानाध्यापक र क्याम्पसका प्रमुखलाई सम्बोधन गरेर 'माध्यमिक तह अध्ययन पूरा गरी कक्षा ११ मा अध्ययन गर्न माध्यमिक तह कक्षा १० को अन्त्यमा हुने परीक्षा (एसईई) मा न्यूनतम औसत ग्रेड प्वाइन्ट (जीपीए) १.६ प्राप्त गरेका विद्यार्थी योग्य मानिने' कुरा उल्लेख गरिएको छ ।

**शिक्षा सम्बन्धी कानुनी व्यवस्था के छ ?**

विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) ले बालकक्षादेखि कक्षा ८ सम्मलाई आधारभूत तहको र कक्षा ९ देखि कक्षा १२ सम्मलाई माध्यमिक तहको शिक्षा मानेको छ । यसैको आधारमा नेपालको संविधानले शिक्षालाई मौलिक हकमा राख्दै आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क साथै माध्यमिक तहको शिक्षा नि:शुल्क हुने कुरा उल्लेख गरेको छ । संविधान जारी भएपछि विद्यालय क्षेत्र विकास योजना (२०१६/१७–२०२२/२३) ले संविधानमा उल्लेख भएको कुरालाई आधार मानी बालकक्षादेखि कक्षा ८ सम्म आधारभूत तह र कक्षा ९-१२ सम्मलाई माध्यमिक तहको शिक्षा उल्लेख गरी सोही बमोजिमको विकास योजना तय गरेको थियो । शिक्षा (आठौं संशोधन) ऐन, २०७३ ले दफा ३ को उपदफा १ मा 'आधारभूत शिक्षा' भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ' र २ मा 'माध्यमिक शिक्षा' भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ' भन्ने कुरा उल्लेख गरेको छ । शिक्षा ऐनमा उल्लेख भएको र संविधानमा भएको कुरालाई आधार मान्दा राष्ट्रिय परीक्षा बोर्डले जारी गरेको पत्रले नेपालको शिक्षा सम्बन्धी कानुनी व्यवस्था र शिक्षा ऐनलाई नै उपहास गरेको प्रष्ट देखिन्छ । माथि उल्लेख गरिएका दुई तथ्य त केवल सांकेतिक मात्र हुन् । यस्ता अरू कति लेख तथा सरकारी कागजात नै होलान् जसले शिक्षा सम्बन्धी कानुनी व्यवस्थालाई आधार नमानी स्वेच्छाले कार्य गरिरहेका छन् ।

विद्यालय क्षेत्र विकास योजनाले मूलत: तीनवटा उद्देश्य लिएको थियो ।

१. आधारभूत तहको शिक्षाले विद्यालयको तयारी र गुणस्तरीय आधारभूत शिक्षामा सार्वभौमिक पहुँच सुनिश्चित गरी ४-१२ वर्षका सबै बालबालिकाको शारीरिक, सामाजिक, भावनात्मक, संज्ञानात्मक, आध्यात्मिक र नैतिक क्षमता विकास गर्ने र जीवनोपयोगी सीप र मूल्यमा आधारित शिक्षालाई प्रवर्धन गर्ने ।


२. माध्यमिक तहको शिक्षाले विद्यार्थीलाई दक्ष जनशक्तिको विकास गरी कामका लागि तयार पार्ने, प्राविधिक र सामान्य माध्यमिक शिक्षाबीच विकल्पहरू उपलब्ध गराउने, संस्थागत सम्बन्धलाई सुदृढ गर्ने र उच्च शिक्षाको पहुँचलाई सहज बनाउने ।

३. साक्षरता र आजीवन सिकाइको उद्देश्य कार्यात्मक साक्षरता अभिवृद्धि गर्नुका साथै युवा र वयस्कहरूमा पढ्ने र सिक्ने बानीको विकास गर्नुरहेको थियो । विद्यालय क्षेत्र विकास योजनाले आधारभूत तहको शिक्षा, माध्यमिक तहको शिक्षा र आजीवन शिक्षाको कुरालाई महत्वका साथ उठाएको पाइन्छ ।

एसईईको परीक्षा र नतिजाले विद्यार्थीलाई हाउगुजी मात्र सृजना गरको हो भन्ने कुरा आत्मसात् गर्न जरूरी छ । यही अन्योल र हाउगुजीका बीचमा विभिन्न शैक्षिक संस्थाले कक्षा ११ मा विभिन्न संकायमा भर्ना लिइने गरी विज्ञापन गरिनुले शिक्षा सम्बन्धी ऐन र कानुनी व्यवस्था माथि नै प्रहार गरेको कुराले आवश्यक नियमन गर्न सरोकारवाला निकाय चुकेको प्रष्ट देखिन्छ । विद्यार्थीले बुझ्नुपर्ने कुरा जसरी कक्षा ८ पास गरेपछि विद्यार्थी कक्षा ९ मा निरन्तर पढाइ गरिरहेका हुन्छन् त्यसैगरी कक्षा १० मा लिइने एसईई परीक्षापछि पनि कक्षा ११ को पढाइ निरन्तर हो भन्ने कुरामा प्रष्ट हुनु जरूरी छ । कक्षा १२ पछाडि मात्रै विद्यार्थी क्याम्पस तहमा प्रवेश गरी करिब ४ वर्षको अध्ययन पश्चात मात्र उनीहरूलाई विश्वविद्यालयमा अध्ययनको लागि बाटो खुला हुने कुराको बारेमा अभिभावक र कक्षा १० पढाउँदै गर्दा शिक्षकहरूले जानकार गराउन आवश्यक छ । अत: कक्षा ११ र १२ माध्यमिक तहको शिक्षा नै भएकोले कुनै पनि संकाय वा विषय विशेषताको अध्ययनको सीमालाई यसले समेट्दैन भन्ने कुरामा प्रष्ट हुनु जरूरी छ । राष्ट्रिय परीक्षा बोर्ड जस्तो जिम्मेवार निकायले आफ्नै निकायलाई सबल र सक्षम बनाएको ऐन, नियम र कानुनको उपहास गर्नुले स्वयं राष्ट्रिय परीक्षा बोर्ड उसको कार्यक्षेत्र भित्र कति सीमित छ र कानुनको पालना कति गरिरहेको छ सोको बारेमा प्रष्ट हुन्छ । यसको साथै शिक्षाको नीति नियमको तहमा कस्तो मानसिकताले कार्य गरिरहेको छ भन्ने पनि बुझ्नुपर्छ । विश्वको बदलिंदो परिवेशमा आधारभूत तहको शिक्षालाई नै पुन: वर्गीकरण गर्नुपर्ने कुरामा बहस भइरहेको छ । साथै माध्यमिक तहको शिक्षालाई उद्यमशील, सीप र आर्थिक विकाससँग जोड्नुपर्ने कुरा आम चासोको कुरा बनेको छ ।

*-अनलाइन खबर डटकम*

# भ्रष्टाचारका प्रमुख कारक शिक्षा र स्वास्थ्य






**कृष्ण हुमागाईं**

जबसम्म शिक्षा र स्वास्थ्यमा सम्पूर्ण दायित्व राज्यको हुँदैन, तबसम्म देशमा भ्रष्टाचारको बेथिति रोकिनेवाला छैन । शिक्षा र स्वास्थ्यसँगै रोजगारीमा पनि राज्यको उत्तिकै दायित्व हुनुपर्छ । सरकारी सेवाबाहेक उद्योग कल-कारखाना निजी क्षेत्रलाई सञ्चालन गर्न दिएको एउटा खुला अर्थतन्त्र भएको मुलुकले सबैको रोजगारीको दायित्व लिन नसक्ला, तर नीतिगत सुधार गरी रोजगारमैत्री ऐन-कानुन निर्माण गरेर रोजगारी सिर्जनाको वातावरण बनाउनु राज्यको परम कर्तव्य र दायित्व हुन आउँछ । धनीले पढ्ने एउटा शिक्षा र गरिबका लागि अर्को स्कुल, अर्कै शिक्षा रहेसम्म न देशमा बिपी कोइरालाले परिकल्पना गरेको प्रजातान्त्रिक समाजवाद स्थापना हुन सक्छ, न लोकतन्त्रको संस्थागत विकास नै ।

अरुको भन्दा आफ्ना छोराछोरी अब्बल बनून्, राम्रो शिक्षा हासिल गरून्, निरोगी र स्वस्थ रहून्, सुयोग्य नागरिक बनेर देशको सेवा गरून् भन्ने भावना जाग्नुलाई प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था भएको लोकतान्त्रिक मुलुकमा स्वाभाविक रूपमा लिन सकिएला । यो प्रतिस्पर्धाका लागि सक्दै नसक्नेले हात उठाउँछन् र आफ्ना सन्तानलाई अरबको मरुभूमिमा ५० डिग्री तापक्रममा सस्तोमा श्रम बेच्न विवश बनाउँछन् । छोराछोरी पढाउन र स्वास्थ्योपचारकै चिन्तानले कतिले दायाँबायाँ गर्न थाल्छन् । एउटा जागिरे कर्मचारी वा राजनीतिमा लागेकाहरूले घर खर्च थेग्न नसकेपछि दायाँ-बायाँ गर्ने हुन् । आफ्ना छोराछोरीको शिक्षा, परिवारका सदस्यको स्वास्थ्योपचारको प्रबन्ध मिलाउन नसक्दा अतिरिक्त कमाईका लागि भ्रष्टाचार गर्नुपरेको धेरैले बयान दिइसकेका छन् ।

देखासिकी, होडबाजी, तड्क-भड्क, अनावश्यक प्रतिस्पर्धा र सान-सौकतले गर्दा मानिस गलत बाटोमा लाग्न बाध्य हुँदै गएको छ । यो देशमा सबैका छोराछोरीले विषयगत उच्च गुणस्तरको समान शिक्षा पाउने, राम्रो ओखतीमूलो पाउने, दुई छाक पोषिलो र स्वास्थ्यकर खानेकुरा पाउने सहज वातावरण बन्ने हो भने भ्रष्टाचारी बनेर बदनाम कमाउन कोही चाहँदैन । छोराछोरीको स्तरीय शिक्षा, बिहेदान आदिको चिन्ताले व्यक्तिले छिटो कमाउने चोर बाटो खोजिरहेको हुन्छ । सरकारी कर्मचारीले पनि मालदार ठाउँ वा कार्यालय खोज्न थाल्छ । मालदार मन्त्रालय पाउन, त्यहाँ जान जसरी मन्त्रीहरू मरिहत्ते गर्छन्, कर्मचारी पनि त्यस्तै ठाउँमा सरुवा हुन रुचाउँछन् । त्यसपछि उपल्लो कर्मचारी र मन्त्री, मन्त्राणीलाई सगुन भेटी बक्सने कर्म सुरु हुन्छ ।

**भ्रष्टाचार बाध्यता कि रहर ?**

भ्रष्टाचारलाई बाध्यता भनेर बेथिति र विकृतिलाई समर्थन गर्न सकिन्न, तर किन गर्छ त मान्छेले बारम्बार भ्रष्टाचार ? प्रश्न गम्भीर छ । मालदार ठाउँको एउटा सहयोगी कर्मचारीको मासिक कमाइभन्दा धेरै कम्ती आठौँ-दशौं तहका कर्मचारीको कमाइ भएपछि हीनताबोध हुन थाल्छ । कति अकुत कमाएर समाजमा सान-मान बढाउने रहरले भ्रष्टाचारी बनेका होलान्, कतिले मातापिताको औषधोपचार र केटाकेटीको शिक्षादीक्षाकै लागि गति छाड्नुपरेको अवस्था होला ।

*ति अकुत कमाएर समाजमा सान-मान बढाउने रहरले भ्रष्टाचारी बनेका होलान्, कतिले मातापिताको औषधोपचार र केटाकेटीको शिक्षादीक्षाकै लागि गति छाड्नुपरेको अवस्था होला । महँगा सामान प्रयोग गर्ने, भोज, सभा-समारोहमा महँगा गहना-घडी, रत्नजडित वस्त्रादिको पहिरनमा सजिनेलाई मात्र इज्जत, मान-सम्मान, मर्यादा दिने आम प्रचलन नहटेसम्म भ्रष्टाचारको जालो तोड्न सजिलो छैन । जसको ठूलो घर, चिल्लो गाडी, महँगा वस्त्र, फजुल खर्च गर्न सक्ने औकात छ, समाजमा उही वरिष्ठ ! देश र जनतालाई लुटेर-ठगेर कमाएको हरामको कमाइको केही हिस्साबाट निहित स्वार्थ राखेर सामाजिक काममा खर्च गऱ्यो भने उसलाई वरिष्ठ समाजसेवीको पगरी गुथाउन समाजमा तँछाड-मछाड हुने गरेको छ ।*

महँगा सामान प्रयोग गर्ने, भोज, सभा-समारोहमा महँगा गहना-घडी, रत्नजडित वस्त्रादिको पहिरनमा सजिनेलाई मात्र इज्जत, मान-सम्मान, मर्यादा दिने आम प्रचलन नहटेसम्म भ्रष्टाचारको जालो तोड्न सजिलो छैन । जसको ठूलो घर, चिल्लो गाडी, महँगा वस्त्र, फजुल खर्च गर्न सक्ने औकात छ, समाजमा उही वरिष्ठ ! देश र जनतालाई लुटेर-ठगेर कमाएको हरामको कमाइको केही हिस्साबाट निहित स्वार्थ राखेर सामाजिक काममा खर्च गऱ्यो भने उसलाई वरिष्ठ समाजसेवीको पगरी गुथाउन समाजमा तँछाड-मछाड हुने गरेको छ । त्यही भ्रष्टाचारबाट आर्जन गरेको रकम कनिका छर्नेलाई सञ्चार माध्यमदेखि राजनीतिक दल र समाजका सबै तप्काले सबभन्दा उच्च स्थानमा राखिदिएपछि ऊ देश विकासको मोड र भ्रष्टाचाररहित समाजको विषयमा प्रवचन नै दिन थालिहाल्छ ।

गरिब मुलुकमा प्रशासनमा पहुँच भएकाहरूको प्रतिस्पर्धा धनाढ्यसँग हुन्छ । त्यो 'इलिट' वर्गसँग संगत भएपछि, उसैको सिको गर्न थालेपछि मिलेर भ्रष्टाचार गर्न थाल्छन् । इलिटसँगै खर्च गर्न सक्ने आर्थिक हैसियत बनाउन स्रोतमाथि पहुँच हुनेले नै गर्छन् भ्रष्टाचार । गरिब, दु:खीले त भ्रष्टाचारबाट राज्यको स्रोत दोहन भएपछि असुविधा मात्र पाउने हुन् । धेरै कमाउने, अकुत कमाउने र सन्तान-दरसन्तानका लागि अथाह सम्पत्ति जोडिदिने लालसाले भ्रष्टाचारको जरा गाडेको हो । त्यसैले भ्रष्टाचार बाध्यता होइन गति-मति छाडेरै भए पनि धन कमाउने रहर हो ।

**कसरी रोक्ने भ्रष्टाचार ?**

जबसम्म समाजमा भ्रष्टलाई धन-सम्पत्तिका आधारमा मान-सम्मान गर्ने प्रचलन रहिरहन्छ, तबसम्म भ्रष्टाचार मौलाइरहन्छ । एकैपटक अकुत सम्पत्ति आर्जन गरेको र समाजमा सान-सौकात, औकात बढेको देखिन्छ भने कहाँबाट आयो यत्रो सम्पत्ति ? यसको वैधानिक आर्जन स्रोत के हो भनी प्रश्न उठाउनुपर्छ, सोधीखोजी हुनुपर्छ । राज्यका निकाय अख्तियार, सम्पत्ति शुद्धीकरण लगायत निकायले पनि यसतर्फ ध्यान दिनु जरुरी छ ।

समाज, राजनीतिक दल, संघ-संस्था कहीं पनि स्थान नदिने, मञ्चासन नगराउने, सार्वजनिक र पारिवारिक कार्यक्रममा नबोलाउने, वास्ता नगर्ने, समग्रमा बहिष्कार नै गर्ने हो भने भ्रष्टाचारीको मनोबल कमजोर हुँदै जान्छ । अरु भ्रष्टले पनि सामाजिक दण्डको सामना गर्नुपर्ने चुनौतीका कारण भ्रष्टाचारका घटना र भ्रष्टाचारीमा कमी आउन सक्छ । भ्रष्टाचारीलाई भन्दा श्रमजीवी वर्गलाई संघ-संस्थाका कार्यक्रममा सम्मान, अभिनन्दन गरिनुपर्छ । त्यस्तो कार्यक्रममा हामीले कोही भ्रष्टाचारीलाई कार्यक्रममा निम्ता गरेका छैनौं र गर्दैनौं पनि भनेर सार्वजनिक उद्घोषण गर्नुपर्छ । भ्रष्टाचारमा मुछिएका, गन्हाएका वा शंकास्पद ठानिएका व्यक्तिले गर्ने सार्वजनिक वा कुनै पनि कार्यक्रम, उनीहरू वक्ता वा अतिथि रहेको कार्यक्रम र उनीहरुले दिने दान, चन्दा, पुरस्कार आदिलाई समेत बहिष्कार गर्नुपर्छ । यस्ता अभियानले भ्रष्टाचारीलाई सामाजिक दबाब पर्न जान्छ । यसो गरेपछि कि तिनीहरूले अवैध रूपमा आर्जन गरेको सम्पत्ति राज्यकोषमा दाखिला गर्छन्, कि देश छाडेर पलायन हुन्छन् । नत्र कसरी हुन सक्छ त भ्रष्टाचारमा कमी ?

*-रातोपाटी डटकम*

# गुल्मीको मालिकामा स्थानीय आलुको ब्राडिङ्ग



**गुल्मी,** साउन ७/जिल्लाको मालिका गाउँपालिकाले स्थानीय आलुलाई ब्राडिङ्ग गरी बजारमा पठाउन थालेको छ । 'गाउँका कृषकले बजार पाउने, शहरका उपभोक्ताले गुणस्तर पाउने' भन्ने मूल नाराका साथ स्थानीय पहिचानसँग जोडिएको मालिकाको स्थानीय आलुको ब्राण्ड तथा प्याकेजिङ्ग गरी बजार पठाउन थालिएको हो ।

कृषि ज्ञान केन्द्र र मालिका गाउँपालिकाको ५० प्रतिशत लागत साझेदारीमा स्थानीय आलु ब्राण्डिङ गरी बजार पठाइएको गाउँपालिकाका अध्यक्ष देविराम अर्यालले जानकारी बताए । यस वर्ष ३ सय टन आलु उत्पादन गरिएको थियो । ब्राण्डिङ गरिएको आलु हजार टन बढी विक्री भैसकेको छ । गाउँका कृषकले बजार पाउने र शहरका उपभोक्ताले गुणस्तर पाउने गरी आलुको ब्राण्ड तथा प्याकेजिङ्ग गरिएको अध्यक्ष अर्यालले बताए । उनका अनुसार ग्रामिण क्षेत्रमा उत्पादन भएको रैथाने आलुलाई ५ केजी,१० केजी र २० केजीका बोरामा प्याकेज गरेर तम्घास, बुटवल लगायतका ठूला बजार क्षेत्रमा पठाउन लागिएको हो । पालिका उपाध्यक्ष उपेन्द्र अर्याले सहकारीमार्फत विक्रि वितरण थालिएको बताए ।

स्थानीय उत्पादनलाई प्रवर्द्धन गरी कृषकलाई उचित मूल्य प्रदान गर्न आयातित संस्कार र परिकारको साटो आर्गानिक परिकारलाई प्राथमिकता दिन रैथाने आलुलाई बजारमा ल्याईएको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले जानकारी दिए । उनका अनुसार अर्खाबाङ्ग लगायतका क्षेत्रमा उत्पादन हुँदै आएको रैथाने आलुको प्रचारप्रसार गरी बजारीकरण गर्न गाउँपालिका र कृषि ज्ञान केन्द्र गुल्मीले आलु ब्राण्डिङ्ग, लेवलिङ्ग र प्याकेजिङ्ग गरी बजारमा ल्याइएको हो ।

# पाल्पामा चार दलले गरे समाजवादी मोर्चा गठन



प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बस्तोलालाई ध्यानाकर्षण पत्र बुझाउन पुगेका समाजवादी मोर्चाका नेताहरु ।


**पाल्पा,** साउन ७/पाल्पामा चार दलले समाजवादी मोर्चा नेपाल गठन गरेका छन् । केन्द्रमा समाजवादी मोर्चा गठन भएसँगै पाल्पामा पनि सोही अनुरुप मोर्चा गठन गरिएको हो ।

सत्तारुढ गठबन्धनमा रहेका जिल्लास्थित नेकपा एकीकृत समाजवादी, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, र सत्ताबाहिर रहेको नेकपा कम्युनिष्ट पार्टी मिलेर समाजवादी मोर्चा गठन गरेका छन् । चार कम्युनिष्ट घटकहरूले, राजनीतिक स्थिरताका लागि भन्दै समाजवादी मोर्चा गठन गरेको जनाएका छन् । चार दलको संयुक्त बैठकले पूर्व सासंद तथा नेकपा (एकीकृत समाजवादीका) जिल्ला इन्चार्ज यादवबहादुर रायमाझीको संयोजकत्वमा मोर्चा गठन गरेको हो । ठूलो संघर्ष, त्याग र बलिदानको बलमा देशमा गणतन्त्र आएको र संविधानले समाजवादोन्मुख राज्यमा जाने संकल्प गरे पनि समाजवादका हिमायती शक्तिहरूबीच एकता र सहकार्यको बलियो आधार तयार नहुँदा त्यसको लाभ व्यवस्था विरोधीहरूले लिन कोसिस गरेको र जनतामा कुण्ठा र निरासाका संकेतहरू देखिन थालेकाले समाजवादको आधार निर्माणका लागि मोर्चा गठन गरिएको जनाइएको छ । मोर्चाले देशमा ठूलो राजनीतिक बहस, ध्रुवीकरण र संघर्ष अनिवार्य भएको ठानी नेपाली विशेषता र मौलिकता सहितको समाजवादी क्रान्तिको कार्यभारमा सहमत शक्तिहरूको संयुक्त मोर्चाको रुपमा समाजवादी मोर्चा बनेको स्पष्ट पारेको छ ।

उक्त मोर्चाले जिल्लामा भएका समस्याहरुका बारेमा समेत चासो देखाएको छ । उसले मोर्चा गठन भएसँगै प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बस्तोलालाई जिल्लाका समस्याका बारेमा ध्यानाकर्षण पत्रसमेत बुझाएको छ । मोर्चाले सरकारका कामको सही प्रचार गर्न, जिल्लामा शुसासन कायमका लागि पहल गर्न, विद्युत, खानेपानी तथा सार्वजनिक यातायातको भाडा समायोजन जस्ता विषयमा ध्यानाकर्षण गराएको जनाएको छ । यस्तै टिपरका कारण सडक बिग्रिएको अवस्थाबारे चासो, स्थानीय तहमा देखिएको बेथिती तथा चुनढुंगा खानीबाट देखिएका समस्या समाधानका लागि पहल गर्न समेत उसले माग गरेको छ । नेकपा (एकीकृत समाजवादीका) जिल्ला इन्चार्ज यादवबहादुर रायमाझी, माओवादी केन्द्रका इन्चार्ज अनिल किशोर घिमिरे, जनता समाजवादी पार्टीका अध्यक्ष खिकबहादुर रेस्मी र नेपाल कम्युनिष्ट पार्टीका सचिव मीनबहादुर आलेले संयुक्त हस्ताक्षर गरेको ध्यानाकर्षण पत्रमा जिल्लामा रहेका कतिपय कार्यालयहरुबाट सेवाग्राहीहरुलाई अनावश्यक झन्झट दिने, विकास योजनाहरु छिटो छरितो रुपमा सम्पन्न नगर्ने, गुणस्तरीयताको मापन बिना कमिसनको आडमा भुक्तानी गर्ने लगायतका गुनासोहरु आइरहेकाले ध्यानाकर्षण भएको उल्लेख छ ।

## खेलकुद समाचार

# विश्वकपमा स्वीडेनको पुनरागमन जित



**काठमाडौं,** साउन ७/अमान्डा इलेस्टेडले अन्तिम मिनेटमा गोल गरेपछि स्वीडेनले महिला विश्वकप फुटबलमा आइतबार दक्षिण अफ्रिकामाथि पुनरागमन जित हात पारेको छ ।

एक गोलले पछि परेको स्थिति उल्टाउँदै स्वीडेनले दक्षिण अफ्रिकालाई २-१ ले हरायो । २०२२ को अफ्रिकन कफ अफ नेसन्सनको विजेता दक्षिण अफ्रिका विश्वकपमा पहिलो अंक नजिक पुगेको थियो । तर स्वीडेनले अन्तिम समयमा गोल गर्दा अफ्रिका पराजित भयो । यसअघि २०१९ मा पहिलो सहभागितामा दक्षिण अफ्रिकाले सबै तीन खेल हारेको थियो । न्युजिल्याण्डको वेलिङ्टन रिजनल स्टेडियममा भएको खेलमा हिल्डाह मागाइयाले ४८औं मिनेटमा गोल गर्दै दक्षिण अफ्रिकालाई अग्रता दिलाएका थिए । तर ६५औं मिनेटमा फ्रिदा रोल्फोले स्वीडेनका लागि बराबरी गोल फर्काए । बराबरीतर्फ अघि बढिरहेको खेलको ९०औं मिनेटमा अमान्डाले गोल गरेपछि स्वीडेनले २-१ ले खेल जित्दै समुह जीमा ३ अंक जोडेको छ । यस समूहमा रहेका अर्जेन्टिना र इटलीबीच आज (सोमबार) खेल हुनेछ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## बिमालेख हराएको सूचना

यहि मिति २०८०/०२/२५ गतेका दिन **एशियन लाइफ इन्स्योरेन्स क.लि.**को केसरी सरा सारू/देवेन्द्र थापाको नाममा जारी बिमा (पोलिसी) नम्बर ७४१९०००१९२८ को बिमालेख पाल्पाको तानसेनदेखि पूर्वखोलाको जल्पातर्फ जाँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम :** केसरी सरा सारू/देवेन्द्र थापा

**ठेगाना :** निस्दी गा.पा-३, झिरुवास, पाल्पा

**सम्पर्क नं. :** ९८४७३०८४३६

## अर्थ/कर्पोरेट समाचार

# मौद्रिक नीतिको प्रभाव, बढ्यो नेप्से



**पाल्पा,** साउन ७/मौद्रिक नीति जारी भएसँगै त्यसको प्रभाव पुँजी बजारमा परेको छ । आइतबार नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति जारी गरेसँगै नेप्से परिसूचक समेत बढेको छ ।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ६३ दशमलव २४ अंकले बढेर दुई हजार दुई सय २७ दशमलव १६ अंकमा कायम भएको छ । यो दुई दशमलव ९२ प्रतिशतको वृद्धि हो । दुई सय ६६ कम्पनीको एक करोड २० लाख दुई हजार तीन सय आठ कित्ता शेयर ७५ हजार ८६ पटक खरिदबिक्री हुँदा चार अर्ब ३७ करोड ५१ लाख ९६ हजार दुई सय ३२ बराबरको कारोबार भएको छ । सबै समूहको उपसूचकमा उच्च अंकको वृद्धि देखिएको छ । सबैभन्दा धेरै विकास बैंक समूह एक सय ९५ दशमलव ३६ र होटल तथा पर्यटन समूह एक सय ७७ दशमलव २२ अंकले बढेको छ ।

बैंकिङ ६५ दशमलव ५६, वित्त ३३ दशमलव ५१, जलविद्युत ४० दशमलव ७७ र लगानी समूह दुई दशमलव ५५ अंकले बढेको छ । त्यस्तै, जीवन बीमा समूह एक सय २५ दशमलव ५१, उत्पादन तथा प्रशोधन समूह ९२ दशमलव १५, लघुवित्त समूह ४९ दशमलव ६५, म्युचुअल फन्ड शून्य दशमलव ०८, निर्जीवन बीमा एक सय ५८ दशमलव ११, व्यापार एक सय २१ र अन्य समूह २२ दशमलव ३४ अंकले बढेको छ । कारोबारमा किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र चन्द्रागिरी हिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने एनआइबिल ग्रोथ फन्डको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाको नीतिगत दर तथा निक्षेप संकलन बोलकबोल दर घटाएको छ भने नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत राखेको छ । बैंकदर यथावत राख्ने, ब्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप संकलन सुविधा उपलब्ध गराउने र शेयर धितो कर्जाका विद्यमान जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने विषय पनि मौद्रिक नीतिमा राखिएको छ । मौद्रिक नीतिमा यस्ता व्यवस्था आएसँगै पुँजीबजारका लगानीकर्ता उत्साहित भएका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई